# दशौं योजनामा कृषि क्षेत्र

गणेश कुमार के.सी.*

**(क) १. दशौं योजनाका वुझ्नै पर्ने कुराहरु :**

- योजनावद्ध विकास क्रमको दशौं खुडकिला दशौं योजनाले "गरीवी निवारण" लाई प्रमुख चुनौतिको रुपमा लिएको छ । यस उद्देश्य प्राप्तिका लागि उच्च, फराकिलो एवं दिगो आर्थिक वृद्धिदर, सामाजिक क्षेत्र एवं ग्रामीण पूर्वाधार विकास, लक्षित कार्यक्रम, सुशासनलाई नै मुख्य रणनितिक स्तम्भको रुपमा लिएको छ ।

- वहुसंख्यक नेपाली वसोवास गर्ने ग्रामीण क्षेत्र र तीनको आय आर्जनको श्रोतको रुपमा रहेको कृषि क्षेत्रको विकासवाट मात्र मुलुकको समग्र आर्थिक विकास हुन सक्ने तथ्यलाई मनन् गरी नवौं योजनामा झैं कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिने लक्ष राखेको छ ।

- योजना तयार गर्दा मूलत: विगतका योजना कार्यान्वयनमा देखिएका कठिनाइ, कमी कमजोरी, जनसमुदायको विकासको आकांक्षा राष्ट्रिय विकास परिषदवाट दिइएका मार्ग निर्देशन एवं सुझावका साथै क्षेत्रगत दीर्घकालीन योजनाका दृष्टिकोण समेटी यसलाई कार्यान्वयन सम्भव योजनाको रुपमा तयार पारिएको छ ।

- दशौं योजनाले समाजमा उपेक्षित, उत्पीडित तथा दलित वर्गलाई विकासको मूलप्रभावमा समेटी विकासको प्रतिफलमा पहुँच वढाउने, महिला शसक्तिकरण र मूलप्रवाहमा समावेश गर्ने र लक्षित कार्यक्रम संचालन, शान्ति सुरक्षा स्थिति सुदृढ, कम

---

* कार्यक्रम निर्देशक, बाली संरक्षण निर्देशनालय, हरिहरभवन, ललितपुर (हाल कृषि तथा सहकारी मन्त्रालयमा सचिब हुनु हुन्छ)

लागत र ठीक समयमा कार्य पुरा गरी विकास प्रकृया द्रुत गतिमा वढाउने नीति लिएको छ ।

- दशौं योजनाले लिएको उद्देश्य प्राप्तिका लागि कार्यक्रम प्राथमिकरण गरी यिनको प्रभावकारी अनुगमन मूल्याङ्कन व्यवस्थाका साथै विकासमा संलग्न सरकारी, गैह्रसरकारी, निजी क्षेत्र, स्थानीय निकायको भूमिका र अन्तर संबन्ध, क्षेत्रगत् रणनीति यकिन गरी सवैले आ-आफुले खेल्नु पर्ने भूमिका स्पष्ट पारेको छ ।
- सरकारले खुल्ला तथा वजारोन्मुख नीति अनुरुप निजी क्षेत्रको लगानी अभिवृद्धि हुने वातावरण तयार पार्ने क्रम जारी राखेको छ र सामाजिक तथा पूर्वाधार विकासका क्षेत्रहरुमा सरकारको भूमिका सवल गराउने र निजी क्षेत्र आकर्षित हुने क्षेत्रमा संलग्नता कम गर्दै जाने सोच लिएको छ ।

२. **दशौं योजनाका कार्यक्रमहरुका प्राथमिकरण आधारहरु :**

- गरीवी निवारणको राष्ट्रिय उद्देश्य प्राप्तिमा प्रत्यक्ष भूमिका
- विषय क्षेत्रगत् प्राथमिकतामा योगदान
- क्षेत्रीय सन्तुलन
- कार्यक्रममा सरकारको संलग्नता हुनु पर्ने आवश्यकता
- जनसहभागिताको स्थिती
- विकेन्द्रीकरण अनुरुप स्थानीय निकायको संलग्नता
- निजी क्षेत्रको सहभागिता
- विगतका उपलब्धी

३. **नवौं योजनाको प्रगति झलक :**

- नवौ योजनाले गरीवी निवारणको लागि दीर्घकालीन कृषि योजना कार्यान्वयनलाई प्रमुख माध्यमको रुपमा लिई गरीवी योजनाको

अन्त्यमा ३२ प्रतिशतमा झार्ने लक्ष राखिएकोमा सो ३८ प्रतिशतको हाराहारीमा झरेको अनुमान गरिएको छ । आर्थिक विकास वृद्धिदर दीर्घकालीन रुपमा ६ प्रतिशत हुनु पर्नेमा विशेषगरी शान्ति सुरक्षाको विग्रदो स्थितीले विश्व अर्थ व्यवस्थामा आएको सिथिलताले मुलुकको समग्र अर्थतन्त्रमा पनि प्रतिकूल असर पारेको छ । योजनाले लक्ष गरे अनुसार कृषि क्षेत्रमा लगानी वढन नसक्नु, दीर्घकालीन कृषि योजनाको कार्यान्वयन पक्ष कमजोर हुनु, योजनाकालको पहिलो र पाँचौ वर्ष मौसम प्रतिकूलता रहनुवाट कृषि क्षेत्रमा प्रत्यक्ष असर पर्ने कारणवाट गैर कृषि क्षेत्रमा लगानी तथा उत्पादन कम भएका कारण औषत आर्थिक वृद्धिदर वार्षिक ३.६ प्रतिशतमा सिमित रह्यो ।

- मानव विकास सूचांकतर्फ पनि विशेष गरी सम्वद्ध सेवा सुविधा लक्षित वर्गमा नपुग्नु, उपलब्ध गराइएका सेवा गुणस्तरिय नहुनु र लक्षहरु नै वढी तोकिनु मानिएका छन् । फलस्वरुप १५ वर्ष माथिको साक्षरता ७० प्रतिशत पुऱ्याउने लक्ष्यमा ४९.२ प्रतिशत मात्र पुगेको छ भने, त्यस्तै भौतिक पूर्वाधारतर्फ विशेष गरी विद्युत क्षमता ५९८ मेगावाट पुऱ्याउने लक्ष्य रहेकोमा ५८४.५ पुगेको छ ।

## ३.१ कृषि र कृषिसंग सम्बन्धित क्षेत्रको प्रगति झलक

### ३.१.१ कृषि

- नवौ योजनाको सुरुसंगै २० वर्षे कृषि योजना कार्यान्वयन सुरु गरिएको थियो । कृषि ग्रार्हस्थ्य उत्पादन वृद्धि ४% पुऱ्याउने लक्ष्य राखिएकोमा योजना अवधिमा ३% मात्र वृद्धि भएको । रासायनिक मलको आपूर्ति, सिंचाई सुविधा विस्तार र कृषि सडक निमार्णमा जोड, कृषि सामाग्रीको आपूर्तिलाई वजारमुखी वनाउँदै भौगोलिक स्थान विशेषको सम्भाव्यताको आधारमा कृषि उत्पादन वृद्धि र व्यवसायिकरणमा जोड दिइएको थियो साथै कृषि क्षेत्रमा नीतिगत् सुधारहरु पनि गरिएका छन् । दीर्घकालीन कृषि योजना अन्तर्गत उल्लेख

पकेट प्याकेज कार्यक्रम प्रभावकारी रुपमा अगाडी वढेको छ तर साधन सिमितताको कारणले कृषि सडक र सिंचाई क्षेत्रमा अपेक्षाकृत रुपमा विकास भएको छैन । उत्तर-दक्षिण राजमार्गको विकास भएका क्षेत्रमा पनि कृषि विकास पर्याप्त मात्रामा हुन सकेको छैन । कृषिमा अझै खाद्यान्न बालीको प्रमुखता रहेको छ तर फलफूल, तरकारी, चिया, अलैंची जस्ता उच्च मूल्यका कृषिजन्य वस्तुमा कृषकको अभिरुची वढे पनि उल्लेखनीयरुपमा वृद्धि भएको भने छैन । नवौं योजनामा प्रमुख खाद्यन्न वाली १८ लाख ४७ हजार मे.ट.थप गर्ने लक्ष्य राखिएकोमा ८ लाख ५२ हजार मे.ट. मात्र थपिएको छ । नगदे वालीतर्फ पनि अपेक्षाकृत वृद्धि हुन सकेको छैन । आलु, अलैंची, मह, मसला, च्याउ जस्ता वालीको उत्पादन उत्साहजनक छ । त्यस्तै तरकारी फलफूल उत्पादन क्षेत्र विस्तार भने संतोषजनक छ ।

- पशुजन्य वस्तुको मागमा वृद्धि लक्ष्य अनुरुप प्रगति भएको छ । दुग्ध व्यवसायमा निजी क्षेत्रले सशक्त रुपमा प्रवेश गरेको छ । झण्डै ५० प्रतिशतको हाराहारीमा निजी क्षेत्रको योगदान पुगेको छ ।

- बाली सघनता ११४ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा १६८ प्रतिशतसम्म पुगेको छ । निजी क्षेत्रको प्रवेशपछि रासायनिक मलको प्रयोग वढे पनि यसको प्रयोग ३१ केजी /हेक्टरमा नै रहेको छ । गुणस्तरिय मल प्रयोग नभएको जनगुनासो बढ्दो छ । उन्नत वीउको संस्थागत आपूर्ति पनि लक्ष अनुरुप हुन सकेको छैन तर उन्नत वीउले ढाकेको क्षेत्रफल प्रमुख बालीहरुमा ७५ प्रतिशत पुगेको छ । प्रति व्यक्ति खाद्यान्न उपलब्धता प्रति वर्ष ३१२ केजी पुऱ्याउने लक्ष्य रहेकोमा २०० केजीमा रहेको छ ।

- एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) पाठशाला: ५६० वटा एकीकृत शत्रुजीव व्यवस्थापन कृषक पाठशाला संचालन भएका छन् । २१ वटा स-साना हाट बजार समितिमा

हस्तान्तरण भएको छ । माछा भुरा उत्पादन लक्ष्य अनुसार भएको छ । बाखा पालन कार्यक्रम ३०७७ कृषक परिवारमा संचालन भएको छ । घाँस उत्पादन तथा पशुपालनमा १०,७२५ कृषकलाई समावेस गरी पहाडी कवुलियत वन कार्यक्रम संचालन भएको छ ।

- खाद्य प्रशोधन प्रविधि विकासमा २२ किसिमका प्रविधि प्याकेज तयार भएको छ ।
- करिव ६४८४ प्रारम्भिक सहकारी संस्था, ६० विषयगत् सहकारी संघ र अन्य ४९ वटा संघ खुलेका छन् ।
- कृषि अनुसन्धान साना गरिव कृषकमुखी हुन सकेको छैन । कृषिलाई औद्योगिक विकासको आधारको रुपमा अझै विकास गर्न सकिएको छैन ।
- कृषि प्रसार सेवा स्थानीय निकायमा हस्तान्तरण भैसकेको छ ।

### ३.१.२ **भूमिसुधार**

- भूमिसुधारतर्फ जग्गाको नयाँ हदबन्दी ११ विघा कायम गरिएको छ तर जग्गाको लागत वैज्ञानिक रुपमा नराखिएकोले यसवाट हुने फाइदा/वेफाइदा स्पष्ट भैसकेको छैन । जोतको जग्गा सानो रहनुले कृषि व्यवसायिकरणतर्फ समस्या वढेको छ । चक्लावन्दीमा खासै प्रगति हुन सकेको छैन । करार र सहकारी खेतीले गति लिन सकेको छैन ।
- जग्गा नापी ७५ जिल्लामा गरिएको छ । कमैया पुनर्स्थापना प्रभावकारीरुपमा हुन सकेको छैन ।

### ३.१.३ वन तथा भू-संरक्षण

- वन तथा भू-संरक्षणको विकासमा सामुदायिक वनको व्यवस्थापनवाट भू-संरक्षणमा जन सहभागिता वृद्धि गर्ने नीति अनुरुप सन्तोषजनक कार्य भएको छ ।
- कबुलियत वन कार्यक्रममा संलग्न विभिन्न निकायको समन्वय वढाउनु पर्ने देखिएको छ ।

### ३.१.४ सिंचाई

- योजना अवधिमा भौतिक प्रगति कमै छ । अनुदान झिकिएपछि स्यालो टयूववेलको जडानमा कमी आएको छ । १,५५,००० हे. मा सिंचाई गर्ने लक्ष्य रहेकोमा ८५,८०७ हे. (५५%) मात्र पुगेको छ ।

### ३.१.५ कृषि उद्योग व्यापार

- कृषिजन्य उद्योगहरुको उत्पादन वढे पनि निर्यातजन्य उद्योगको उत्पादन घटेको छ । देशमा उपलब्ध कच्चा पदार्थको मूल्य अभिवृद्धि गरी निर्यात वढाउनेतर्फ खासै उपलब्धी हुन सकेको छैन ।

### ३.१.६ विद्युत

- विद्युत विकासमा निजी क्षेत्रको संलग्नता वृद्धि भएको छ । विद्युत चुहावट, ग्रामीण क्षेत्र, कृषि उत्पादन क्षेत्रमा विद्युतिकरणमा भने खास उल्लेखनीय प्रगति हुन सकेको छैन ।

### ३.१.७ यातायात

- कृषि सडकतर्फ २२३८ किमी निर्माण गर्ने लक्ष्य रहेकोमा ४१३ माटे सडक र २२४ ग्रामीण सडक मात्र वन्न सक्यो । नवौं योजनामा कृषि सडकमा ४ अरव ६० करोड ९० लाख

खर्च गर्ने लक्ष रहेकोमा रु. ६८ करोड २३ लाख विनियोजित भएकोमा रु. ३६ करोड १७ लाख मात्र खर्च भएको छ । कृषि क्षेत्रको समष्टिगत विकासका लागि वहुक्षेत्रीय योगदानको अपरिहार्यता छ भन्ने कुराले क्रमश: मान्यता पाई रहको छ ।

## ४. विद्यमान समस्या :

- राजनैतिक अस्थीरता र विग्रदो शान्ति सुरक्षाको स्थितीले विकास गतिमा सिधै असर परेको छ । कार्यान्वयनमा स्थानीय सहभागिता कम हुनु, आयोजना संख्या ज्यादा हुनु र सिमीत श्रोत साधन घट्नु, प्राथमिकरण हुन नसक्नु, अनुगमन पक्ष कमजोर हुनु, समयमा योजना पुरा नहुनु अझै मुख्य समस्याको रुपमा रहेका छन् । आयमूलक गरीवी रेखामुनि रहेका जनसंख्याको ५६ प्रतिशत हिमाली क्षेत्रमा रहेका छन् भने सहरी क्षेत्रमा २३ प्रतिशत रहेका छन् । आयमूलक गरीवीको प्रकृति ग्रामीणमुखी देखिएको छ तर पहाड र तराईमा भने गरीवी एकै नासको देखिएको छ ।

- कृषि क्षेत्रभित्र गरीवीको कुचक्रको प्रमुख कारणमा गरीवसँग कमसल खाले थोरै जग्गा हुनु, उपलब्ध जग्गामा पनि वर्षैभरि नै सिंचाई नहुनु र लगानी गर्ने क्षमता नहुनु नै मुख्य हुन् । गरीवीले कम उत्पादकत्वसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । गरीवहरुको विकासको प्रतिफलमा पहुच ज्यादै कम छ । विजुली, टेलिफोन, सडक यातायात जस्ता सरसुवधामा तिनिहरुको पहुँच न्यून नै रहेको छ ।

- मानव विकास सूचांकको दृष्टिकोणवाट पनि सवैभन्दा पिछडिएको क्षेत्र हिमाली क्षेत्र नै रहेको छ । नेपाली समाजमा परम्परागत् रुपमा तल्लो जात मानिने पेसागत जातिहरु सवै जसो मानव विकासका सूचांकमा न्यून छन् ।

- कमैया उन्मूलन, दलित आयोग गठन, जनजाति प्रतिष्ठान गठन र राष्ट्रिय महिला आयोग गठन भएतापनि अपेक्षाकृत रुपमा यिनिहरुमा आयआर्जनका कार्यक्रम पुऱ्याउन सकिएको छैन ।

त्यस्तै महिला र पुरुष बीच ठूलो भिन्नता देखिएतापनि सुधारका क्रम भने स्पष्ट रुपमा देखा पर्न थालेका छन् ।

- क्षेत्रगत हिसावमा नेपालमा गरीवी सर्वव्यापी छ तर यसको सघनता बढी मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रमा छ । त्यस्तै तराई र पहाडको दाँजोमा हिमाली क्षेत्रमा यो वढी छ । समग्रमा भन्नु पर्दा गरीवी ग्रामीण क्षेत्रमा वढी छ ।

ख. (१) **दशौंयोजनामा कृषि क्षेत्र :**

वहुसंख्यक नेपालीहरुको लागि कृषि आर्थिक विकासको आधार मात्र नभै यो जीवनशैली, परम्परागत सम्पत्ति र साँस्कृतिक परिवेस पनि हो र अझै आउने केही दशक कृषि क्षेत्र समष्टिगत विकासको केन्द्र विन्दुको रुपमा रहने देखिन्छ । कृषि विकास गर्ने क्रममा विगतमा धेरै प्रयासहरु भएतापनि जमिनको अत्यधिक खण्डीकरण, कृषि प्रविधिको समुचित प्रयोग हुन नसक्नु, अर्धविकसित वजार प्रणाली, यातायात, सिंचाई तथा विद्युत जस्ता पूर्वाधार उत्पादन र प्रसोधन क्षेत्रमा अभावका साथै विगत केही वर्षयता शान्ति सुरक्षाको विग्रदो स्थितिले गर्दा कृषि क्षेत्रले आसातित सफलता हासिल गर्न सकेन । कृषि क्षेत्र अझै निर्वाहमूखी नै रह्यो । यस कृषि क्षेत्रमा निम्नलिखित कमजोरीहरु अझै विद्यमान छन् र दशौं योजनाले यी कमजोरी न्यूनिकरणमा विषेश जोड दिएको छ ।

१.१ **कृषि क्षेत्रमा लगानीको कमी**

सिद्धान्ततः विगतका धेरै योजनाहरुले कृषि क्षेत्रलाई प्राथमिकता दिएको भएतापनि तदअनुरुपको लगानी भने भएका छैनन् । उदाहरणको लागि नवौं पंचवर्षिय योजनाको प्रस्तावित वजेट, स्वीकृत वजेट, कुल निकासा भएको वजेट र खर्च भएको वजेट केलाउँदा पनि प्रष्ट हुन्छ । रु. २१ अर्ब ५२ करोड विकास खर्च प्रक्षेपण गरिएकोमा रु. ११ अर्ब ६१ करोड ८७ लाख विनियोजित भई ९ अर्ब ४२ करोड ८७ लाख मात्र खर्च हुन सकेको छ । यसको अतिरिक्त हाम्रा छिमेकी राष्ट्र र कति विकसित राष्ट्रहरुले प्रति हेक्टर कृषिमा गरेको लगानी र हामी कहाँ भएको लगानी धेरै कम छ । १९९० दशकमा दक्षिण कोरियामा १३३२ यु.एस.डलर लगानी भएको पाइन्छ भने नेपालमा २० यु.एस.डलर को हाराहारीमा छ

र त्यसमा उल्लेखनीय वृद्धि गर्न सकिएको छैन । कृषिको GDP मा ४० प्रतिशत योगदान छ, यसले ८० प्रतिशत रोजगारी दिएको छ तर १९ प्रतिशतको हाराहारीमा लगानी भएको छ ।

### १.२ भएको सीमित श्रोत साधन पनि छर्ने नीति

कृषि विकासका सवै कार्यक्रम र उपलब्ध सिमित श्रोत साधन सवै जिल्ला क्षेत्रहरुमा धेर थोर भागवण्डा गरिएझै संचालन हुँदा साधन र श्रोतको प्रभावकारीता छरियो । कार्यक्रमको फाइदाले गति लिन सकेन । विगतका सफलताका कथा र कुरा प्रतिवेदनमा मात्र सिमित रहे ।

### १.३ एकीकृत दृष्टिकोणमा कमी

कृषि वस्तुको उत्पादनदेखि खपतसम्मका क्रियाकलापमा हुनु पर्ने सघन/एकीकृत दृष्टिकोणलाई दह्रो तरिकावाट अपनाइए । फलस्वरुप केही क्षेत्रमा केही वस्तुमा उत्पादन वृद्धि भएतापनि कृषक लाभान्वित भै यसलाई व्यावसायिक खेतीमा विकास गर्न सकिएन । बाली विविधिकरण, मूल्य अभिवृद्धि, गुणस्तर सुधार, निर्यात योग्य उपज तयार पछिनै पर्‍यो ।

### १.४ कृषि तथा उद्योग बीच समन्वयको कमी

उत्पादन वृद्धि कार्यक्रमले गति लिए पनि यसालाई स्वदेशी कच्चा पदार्थको रुपमा प्रयोग गरी कृषि उद्योग व्यवसाय वृद्धि गर्ने कार्यमा सफलता हासिल हुन सकेको छैन । मूलतः यी निकायहरु बीच समन्वयको नै कमी पाइएको छ ।

### १.५ कृषक अभिमूखी कार्यक्रमको अभाव

कृषि विकास कार्यक्रम कृषकको लागि हो । योजनाहरु कृषककै लागि हुन् । यो आधारभूत सत्यता हो तर पनि कृषकस्तरमा गएका, गरिएका र मागिएका कार्यक्रम कृषक अभिमुखी हुन सकेका छैनन् । कृषकको भित्री दिलको खास चाहना अनुरुपका कार्यक्रमहरु संचालन हुन सकेका छैनन् भन्ने अभिव्यक्तिहरु आई नै रहेका छन् ।

### १.६ संस्थागत समन्वयको कमी

कृषि क्षेत्र एक्लै अघि वढन सक्दैन र कृषिसँग सम्बन्धित धेरै निकायहरुको संलग्नताको आवश्यकता पदर्छ । संलग्न निकायका कर्मचारीमा उत्साह एवं उच्च मनोवलको आवश्यकता पदर्छ, जुन हाल कम छ ।

### १.७ अनुगमन मूल्याङ्कनको कमी

अनुगमन मूल्याङ्कनको कमी छ भन्ने कुरा पनि विगतका धेरै योजना काल देखि नै औंल्याइदै आएको विषय हुँदा हुदै पनि कार्यान्वयन स्तरमा यो प्रभावकारी हुन सकिरहेको छैन । कृषिलाई वहुसंख्यक नेपालीको जीवनसैली, सामाजिक रहन सहन भएको परिप्रेक्षमा उपलब्ध जमीनलाई अझै पनि उत्पादनशील श्रोतको रुपमा प्रयोग गर्नुपर्ने आवश्यकता कृषिमा संलग्न व्यक्तित्वहरुमा अझै पूर्णरुपमा विकास गर्न सकिएको छैन । त्यस माथि वेला-वेलामा आइपर्ने दैवीप्रकोप, समस्या र समस्या न्यूनिकरण गर्ने सुविधाको अभाव यथावत नै रहेको छ भने अर्कोतर्फ खुल्ला सिमाना र पारी पट्टीका कृषकले पाएको सुविधा, वजार व्यवस्था, उत्पादकत्वसँग भएको कृषक उत्पादनसँग प्रतिस्पर्धा गर्नु पर्दा हाम्रा कृषकहरुलाई निकै कठिनाईको सामना गर्नु परिनै रहेको छ । प्रत्येक वर्ष कर सुविधामा हेर फेर, थप घट भैरहने कारण कृषकका साथै निजी क्षेत्र समेत कृषिमा असुरक्षित महसुस गर्दछन् ।

## २. **दशौं योजना :**

सरकारी क्षेत्रवाट कृषि क्षेत्रको द्रुततर दिगो विकासका लागि आयमूलक र निर्यात योग्य वस्तुको रुपमा विकास गर्ने मूलभूत ध्यय राखी निम्न कुराहरुमा विशेष ध्यान पुऱ्याउन जरुरी देखिन्छ ।

- गुणस्तरीय कृषि सामाग्री उपलब्धी, उपयुक्त सेवा, उत्पादनको सही उपयोग ।
- कानूनी संरक्षण, सहयोग, अनुदान र वाहीरी हस्तक्षेपवाट संरक्षण ।

- कार्यान्वयनका आधारमा विश्लेषण गरिएका नीति निर्माण र कार्यहरुमा कृषकको हकहित संरक्षण पर्दछन भने निजी क्षेत्र/स्थानीय निकायवाट पनि खुल्ला सोच राखी सहयोग, सहभागितात्मक रुप, प्रविधि विकास, अध्ययन परिक्षण र प्रसार यिनैको समिश्रणबाट व्यावसायिक कृषि विकास, निर्यातयोग्य कृषि उत्पादन भई तव मात्र गरीवी निवारण हुन सक्ने देखिन्छ ।

- कृषि उत्पादनका साधन तथा सेवाहरुको एकीकृत प्रयोगबाट कृषि उत्पादनशीलता बढाउनुको साथै आन्तरिक एवं वाह्य बजारको माग अनुसार उच्च मूल्यका बाली तथा वस्तुहरुको उत्पादन एवं व्यावसायिकरण गर्नका लागि वस्तु विशेषका कृषि बाली, पशु, पकेट क्षेत्रहरुलाई क्रमिक विस्तार गर्दै यसलाई व्यावसायिक कृषि विकास क्षेत्र (Commercial Agricultural Growth Centre) मा रुपान्तरण गर्नु पर्ने आवश्यकता देखिएको छ ।

- ग्रामीण क्षेत्रमा गरीब र कमजोर वर्गको सानोतिनो आर्थिक क्षमतालाई सहकारी सिद्धान्तअनुसार एकत्र गरी सिर्जित सामुहिक शक्ति र प्रयासद्वारा कृषि उद्यम विकास, घरेलु इलम र उद्योग व्यवसायको प्रवर्द्धन एवं सामुहिक सेवाहरूको विस्तार र परिचालन गर्नु पनि आवश्यक छ ।

**२.१ उपरोक्त आवश्यकतालाई मध्य नजर राखी दशौं योजनाले निम्न लिखित उद्देश्य, रणनीति र नीति लिएको छ ।**

**क) क्षेत्रगत उद्देश्य**

- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै आयआर्जन बढाई गरीबी घटाउने तथा खाद्य पोषण सुरक्षामा सुदृढ गर्ने ।

- कृषि क्षेत्रमा प्रयोग हुन सक्ने प्रविधिको अनुशरण अनुसन्धान एवं विकास, कृषि जैविक विविधता संरक्षण र उपयोग एवं बाह्य उत्पादन साधनको प्रयोगबाट हुने प्रदूषण कम गरी पर्यावरणीय सन्तुलन गर्दै दिगो उत्पादन वृद्धिमा सहयोग पुऱ्याउने ।

- सहकारी तथा निजी क्षेत्रको सहभागितामा कृषिजन्य वस्तुहरूमा आधारित उद्योग एवं व्यवसायको प्रवर्द्धन गर्दै आन्तरिक बजार विकासको साथै निर्यात प्रवर्द्धन गर्ने ।

**ख) मुख्य-मुख्य परिमाणात्मक (Quantitative) लक्ष्यहरू**

- गरीबीको प्रतिशत ३८ प्रतिशतबाट ३० प्रतिशतमा झार्ने
- कृषि क्षेत्रको आर्थिक वृद्धिदर ४.१ प्रतिशत प्रतिवर्ष पुऱ्याउने ।
- प्रतिव्यक्ति प्रतिवर्ष उपभोग्य खाद्यान्न (आलु र दालसमेत) उपलब्धता हालको करीव २६४ केजीबाट २८६ केजी पुऱ्याउने । यसैगरी चिनी हालको ८.७ केजीबाट ९.०३ केजी र तेल २.१६ बाट २.३० लिटर पुऱ्याउने । मासुको उपलब्धतामा हालको ८.५ केजीबाट ९.९४ र दूध हालको ४७.०५ बाट ५०.८५ लिटर पुऱ्याउने । तरकारी ६६.७४ बाट ७९.१५ केजी र फलफूल १६.१७ बाट १७.८९ केजी पुऱ्याउने माछा १.५ बाट १.८७ केजी पुऱ्याउने ।
- दिगो र उच्च आर्थिक वृद्धिदर हासिल गरी गरीबी निवारणमा योगदान गर्ने दशौं योजनाको समष्टिगत् रणनीतिको कार्यान्वयनमा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी ३ प्रतिशतको आर्थिक वृद्धिदरलाई ४.१ प्रतिशत पऱ्याउने लक्ष्यले महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै जनतालाई आय तथा रोजगारी उपलब्ध गराउने र खाद्य सुरक्षा तथा पोषण स्थितिमा सुधार ल्याउनमा समेत टेवा पुऱ्याउँछ ।

## २.२ उद्देश्य र रणनीति

- उत्पादन र उत्पादकत्व वृद्धि गरी, गरीवी घटाउनुका साथै खाद्य पोषण स्थिती सुदृढीकरण गर्ने ।
- उपलब्ध कृषि प्रविधिको ब्यापक प्रसार र उपयोग गर्ने ।
- कृषि उत्पादनमा आवश्यक कृषि सामग्री तथा ऋणको पहुँच बढाउने ।

- कृषिलाई व्यावसायिकरण र विविधीकरण गर्ने ।
- साझेदारी तथा करार सेवा समेतमा कृषि सेवा टेवा कार्यक्रम संचालन गर्ने ।
- कृषि प्रविधि अनुसन्धान एवं विकासबाट उत्पादन वृद्धि गरी सहयोग गर्ने ।
- कृषि प्रविधिको विकास, कृषि जैविक विविधता एवं पर्यावरणीय संरक्षण, सम्वर्द्धन र प्रयोग गर्ने ।
- सहकारी तथा निजी क्षेत्रको सहभागिता वृद्धि गरी कृषिजन्य उद्योग व्यवसाय प्रवर्द्धन र बजार विकास गर्ने ।
- निजी क्षेत्र र सहकारी क्षेत्र समेतको परिचालन गरी कृषि बजार प्रवर्द्धन र पूर्वाधार विकासमा टेवा पुऱ्याउने ।
- सहकारी र करार खेतीलाई प्रोत्साहित गर्ने ।

**२.३ नीति तथा कार्यनीतिहरु**

उपलब्ध कृषि प्रविधिको व्यापक प्रसार र उपयोग गर्ने ।

- कृषक समूह परिचालन र व्यावसायिकरण उन्मुख गर्ने ।
- गरीबी निवारण गर्न कृषि क्षेत्रलाई अगुवा क्षेत्रको रूपमा अघि वढाउन दशौं र एघारौं योजना अवधिलाई कृषि दशकको रूपमा अगाडि वढाउने ।
- खाद्यान्न संकट भएका कर्णाली अञ्चल तथा अन्य दुर्गम जिल्लाहरूमा (पशुपालन, तरकारी बीउ, फलफूल र जडीबुटी आदि) आय आर्जनका कार्यक्रमहरूको साथ साथै स्थानीय खाद्यान्न उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने ।
- कृषि तथा पशु सेवा प्रसारको मूल प्रवाहमा महिलालाई समाहित गर्ने ।
- विद्यमान कुपोषणको स्तर न्यूनीकरणका लागि स्थानीय पोषण परिकार विकास र सामुदायिक पोषण कार्यक्रमहरु संचालन गर्ने ।

- स्थानीय तहका कृषि प्रसार तथा पशुसेवा कार्यक्रमहरु क्रमिक रुपले स्थानीय स्तरमा हस्तान्तरण गरी स्थान विशेषको आवश्यकता अनुसार सेवा प्रदान गर्ने ।
- स्थानीय तहमा कृषक तथा उद्यमीहरूमार्फत उत्पादन सामग्रीको आपूर्ति गराउन स्थानीय स्रोत केन्द्रहरूको विकासमा सहयोग पुर्‍याउने ।
- न्यूनतम एस.एल.सी. उत्तीर्ण गरेका ग्रामीण युवायुवतीलाई कृषि/पशु व्यावसायिक तालिम दिई स्वरोजगारोन्मुख गराउने ।

**२.४ कृषि उत्पादनमा आवश्यक कृषि सामग्री तथा ऋणको पहुँच वृद्धि**

कृषि क्षेत्रको उत्पादन वृद्धि गराउन भौगोलिक स्थिति अनुसार भूमिगत, सतह थोपा (Drip) र फोहरा (Sprinkler) सिंचाइ एवं वर्षाको पानी एकीकृत सिंचाइमा विशेष जोड दिने ।

- रासायनिक मल, उन्नत बीउ र उन्नत नश्ल एवं उन्नत वोट बिरुवाहरुको आपूर्ति व्यवस्था सुदृढ गर्ने ।
- कृषि ऋण सुलभ र सरल गराउन विद्यमान ऋण लगानीका संस्था सुदृढ गरी ग्रामीण संस्थाहरूमार्फत स-साना कर्जा सरल रूपमा उपलब्ध गराउने ।
- पशु बीमा कार्यक्रम विस्तार गर्नुका साथै उच्च मूल्यका व्यावसायिक कृषि बालीमा पनि बीमा कार्यक्रम क्रमश: लागू गर्ने ।
- विषादीको न्यूनतम प्रयोगको निमित्त एकीकृत जीव व्यवस्थापन (IPM) प्रवर्द्धन गर्नुका साथै प्राङ्गारिक मलमा आधारित कृषि उत्पादन (Organic Farming) लाई जोड दिने ।

### २.५ कृषिलाई व्यावसायिकरण र विविधीकरण

- भौगोलिक विशेषता अनुसार तराई, मध्य पहाडी र उच्च पहाडी क्षेत्रमा उपयुक्त व्यावसायिक पकेट क्षेत्रहरू विकास गर्ने ।
- शहरी क्षेत्रको माग अनुसार तरकारी, फलफूल, मासु र दूध उत्पादन वृद्धि कार्यक्रम उत्तर दक्षिण राजमार्ग र अन्य सडकको प्रभाव क्षेत्र तथा सिंचित क्षेत्रहरूमा व्यावसायिक पकेट क्षेत्र विस्तारमा विशेष जोड दिने ।
- नदी, ताल, सार्वजनिक पोखरीहरूको उपयोग गराई माछापालन प्रवर्द्धनमा विशेष गरी जोड दिई कम आय वर्गका समुदायको संलग्नता वृद्धि गर्ने ।

### २.६ साझेदारी तथा करार सेवा समेतमा कृषि सेवाटेवा कार्यक्रम सञ्चालन गर्ने

- कृषि/पशु सेवा अनुसन्धान, प्रचार तथा प्रसार कार्यमा निजी क्षेत्रको संलग्नता बढाउन सामुदायिक संस्था, गैरसरकारी संस्था एवं निजी क्षेत्रको संलग्नतालाई करार एवं साझेदारीका साथै सहकारी र करार खेतीलाई प्रोत्साहित गर्ने ।

### २.७ कृषि प्रविधिको विकास, कृषि जैविक विविधता तथा पर्यावरण संरक्षण, सम्वर्द्धन र प्रयोग गर्ने

- अनुशरण अनुसन्धानमा जोड दिई व्यावसायिक कृषिका लागि आवश्यक एकीकृत प्रविधि प्याकेज तयार गर्ने र उत्पादन लागत कम गरी उत्पादन प्रविधि प्रणाली विकास गरिनेछ ।
- खाद्यान्न उत्पादन, बागवानी एवं पशुपालन क्षेत्रहरूमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न जैविक प्रविधिको प्रयोगमा जोड दिनुका साथै कृषि जैविक विविधता पहिचान र दर्ता प्रक्रियालाई पनि अगाडि वढाइनेछ ।

### २.८ कृषि बजार प्रवर्द्धन र पूर्वाधार विकासमा टेवा

- स्थानीय सहकारी संस्थाहरूलाई कृषि बजार सूचना प्रणाली विकास र थोक बजार, हाट बजार एवं संलकन केन्द्र निर्माणमा संलग्न गराउनुको साथै शीतभण्डारको स्थापना एवं व्यवस्थापन गर्न स्थानीय जन सहभागिताको आधारमा पूर्वाधार विकासमा जोड दिने ।
- कृषिवस्तु उपजलाई बजारको सुनिश्चितता दिन प्रशोधन उद्योगको विकासमा निजी क्षेत्र र सहकारी संस्थाहरूलाई आकर्षित गर्ने ।
- उत्पादक र उद्योगपतिबीच अन्तरक्रिया गराउने ।
- आयात प्रतिस्थापन एवं निकासीयोग्य कृषिवस्तुको व्यावसायिक उत्पादन वृद्धि गर्न वस्तुविशेष नीति (Commodity Policy) तयार गरी कार्यान्वयन गर्ने ।

### २.९ सहकारी र करार खेती प्रोत्साहन गर्ने

- सहकारी तालिम तथा शिक्षा कार्यक्रमलाई क्षेत्रगत, विषयगत रुपमा विस्तार गर्ने ।
- भूस्वामित्व र उपभोगको सुनिश्चितता रहने गरी सहकारी तथा करार खेतीलाई प्रोत्साहित गर्ने ।

## ३. कार्यक्रम तथा कार्यान्वयन व्यवस्था

### ३.१ खाद्य सुरक्षा

- तराईमा खाद्यान्न एवं नगदेबाली तथा मध्य र उच्चपहाडमा फलफूल, बेमौसमी तरकारी, तरकारी बीउ, रेशमखेती, मौरीपालन, पशुपालन जस्ता उच्च मूल्यका उत्पादन कार्यक्रमलाई व्यापकता दिने र सम्भाव्य जिल्लाहरूमा सघन रूपमा माछा, मासु, दूध, फुल, तरकारी र फलफूल उत्पादनको

लागि बृहत्तर पकेट क्षेत्रको विकास गरी निर्यातमुखी समेत बनाइनेछ ।

- प्राङ्गारिक र जैविक मलको प्रयोगमा बढावा दिने ।
- भूमिगत र साना सतह सिंचाईका साथै कुलो र जलाशयहरूको सम्वर्द्धन तथा पुन: निर्माण एवं मर्मतमा विशेष जोड दिई पहाडी क्षेत्रमा साना सतह, वर्षातको पानी संकलन, थोपा र फोहरा सिंचाइ प्रयोगमा विशेष जोड दिने ।
- निर्यात सम्भाव्यता बढी भएका बाली (तिते फापर, झुसे तिल जडीवुटी आदि) हरूको उत्पादन तथा प्रयोगमा विशेष जोड दिने ।

३.२ प्रसार

- कृषि क्षेत्रका अनुभवि अगुवा कृषकहरुलाई श्रोत व्यक्तिको रुपमा प्रयोग गरी अन्य समुदायका कृषकहरुलाई तालिम दिनेछ (Farmers to Farmers Diffusion) .
- कृषि, पशु विकास तथा चरन विकास फार्म, प्रयोगशाला, तालिम केन्द्र, सिमेन बैंकहरूलाई सुदृढ गर्ने ।
- दूध तथा मासु प्रशोधन तालिमको व्यवस्था गर्ने ।
- महिला र पिछडिएको वर्गका कृषकहरूमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- गोबर ग्यास प्रविधिलाई प्रवर्द्धन गर्ने ।
- विषयगत विशिष्टता (Centre of Excellence) विकसित गर्न क्षेत्रीय तालिम केन्द्र विराटनगरमा मासु प्रशोधन, जनकपुरमा घाँसेबाली बीउ, पोखरामा दुग्ध प्रशोधन तथा कृत्रिम गर्भाधान, नेपालगञ्जमा कुखुरापालन, धनगढीमा बाखापालन, जनकपुरमा मत्स्यपालन, कीर्तिपुरमा बागवानी, भैरहवामा एकीकृत बाली व्यवस्थापन, खोपासीमा रेशम र ललितपुरको गोदावरीमा

मौरीसम्वन्धी तालिमहरू सञ्चालन गर्न पूर्वाधार विकास एवं सुदृढीकरण एवं तालिम पाठ्यक्रमहरुको परिमार्जन गर्ने ।

- जिल्लास्तरसम्म पशुस्वास्थ्य प्रयोगशाला सञ्चालन गरी सर्भिलेन्समा जोड दिने ।

- पीपीआर तथा खोरेत नियन्त्रण, एण्टिरेविज भ्याक्सिन उत्पादनमा गुणात्मक सुधार, जापानिज इन्सेफलाइटिस् तथा पशुबाट मानिसमा सर्ने मासुजन्य रोगहरू (Junotic) को निगरानी र नियन्त्रणका साथै कुखुराको मासुमा एण्टिवायोटिक अवषेशको अनुगमन र निजी पशु चिकित्सा व्यवसायको क्षमता अभिवृद्धि गर्ने ।

- खाद्य औद्योगीकरण गर्न कृषिजन्य खाद्य उत्पादनको अधिकतम सदुपयोग उद्योग व्यवसाय प्रवर्द्धनको लागि प्रविधि विकास तालिम र परामर्श एवं सेवा दिईनेछ ।

- कृषिका मुख्य-मुख्य क्रियाकलापलाई Projectization प्रक्रियामा ढाली यिनलाई आवश्यकता अनुसार निरन्तरता दिने ।

- जेटि जेटिएको परिवारलाई पदस्थापना भएको कार्य क्षेत्रमा एग्रोभेट खोली कृषकलाई सेवा पुऱ्याउँन सक्ने व्यवस्था गर्ने ।

- उत्पादन लागत कम गर्न उपयुक्त प्रविधि अवलम्बन गरी स्थानीय पशुपंक्षीको उत्पादकत्व बढाउने ।

- पाडा, पाठापाठी र कोरली हुर्काउने तथा दूध संलकन एवं प्रशोधन गर्ने स-साना दुग्ध उद्योग कार्यक्रमलाई टेवा पुऱ्याउने ।

**३.३ अनुसन्धान, फार्म/केन्द्र, स्रोत विकास केन्द्र तथा जैविक विविधता**

- जैविक विविधता महासन्धिले अनुमोदन गर अनुसार कृषि पर्याप्रणाली ढाँचा (Agro Ecosystem Approach) कार्यान्वयनमा लगिनेछ । कृषि जैविक विविधता (Agro-Biodiversity) को पञ्जिकृत, पशुपंक्षी तथा घाँसको आनुवंशिकी स्रोतको संरक्षण र संवर्द्धन गरिनेछ ।

- कृषि अनुसन्धान दीर्घकालीन कृषि योजनाले प्राथमिकता तोकेमा बाली/वस्तु तथा स्थानविशेषका समस्या समाधानतर्फ केन्द्रित गरिनेछ ।
- अनुसन्धान तथा प्रसारलाई एकअर्काका परिपूरक बनाईने छ । प्रतिस्पर्धात्मक अनुदान प्रणाली अनुरुप राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको परिचालन गरिनेछ ।
- कृषि उत्पादन क्षेत्रको आवश्यकताहरू परिपूर्ति गर्न भौगोलिक उपक्षेत्रमा स्रोत केन्द्रको विकास गर्ने ।

### ३.४ कृषि व्यावसायिकरण तथा बजार

- मौजुदा हाटबजारको सुदृढीकरण र सम्भाव्य क्षेत्रमा नयाँ हाटबजारको विकास गरी बजार सूचना प्रणालीको संस्थागत् रुपमा विकास गर्ने ।
- निजी क्षेत्रको सहभागितामा हिमाली क्षेत्रका सम्भाव्य जिल्लाहरूमा याक चीज उत्पादन उद्योगको विकास गर्ने ।
- कृषि प्रसार सेवाहरू, कृषि व्यावसायिकरण, कृषि व्यवसाय प्रवर्द्धन र प्रभावकारी बजार सूचनाहरु उन्मुख गर्ने ।
- उद्योगको प्रभाव क्षेत्रमा सम्बन्धित बालीको विकास तथा विस्तार गर्ने ।
- उत्पादन तथा संकलन क्षेत्रमा भूमिगत (Cellar) भण्डार निर्माण गर्न कृषक एवं कृषक समूहहरूलाई परिचालन गर्ने। साथै आवश्यकता अनुसार निर्यातयोग्य वालीको लागि कोल्ड चेन (Cold Chain) निर्माणमा निजी क्षेत्रलाई सहयोग पुऱ्याउने ।
- कृषक समूह वा निजी क्षेत्रका साना दुग्ध प्रशोधन संयन्त्रको (Milk Processing Plant) स्थापनामा टेवा पुऱ्याई दूध विदा (Milk holiday) समाधानमा सहयोग पुऱ्याईने छ र दूध तथा दुग्ध पदार्थको मूल्य निर्धारणमा खुला बजार नीति अवलम्बन गर्ने ।

- उत्पादनदेखि बजार स्थलसम्म कृषि उत्पादन र बजार कार्यलाई आवद्ध गर्ने ।
- विश्व व्यापार संगठन (WTO) को न्यूनतम आवश्यकतालाई मध्यनजर राखी गुणस्तर प्रवर्द्धनसम्बन्धी अनुसन्धान तथा प्रयोगशाला संयन्त्रलाई सुदृढ गरिनेछ ।
- निकासीयोग्य कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन संकलन, प्रशोधन र बजारका लागि आवश्यक व्यवस्था विभिन्न निकायबाट मिलाइनेछ ।
- चिया, कफी, अलैंची, अदुवा, लसुन, खुर्सानी जस्ता निर्यात संभाव्य विशेष वालीको उत्पादन, संकलन, गुणस्तर अभिवृद्धि, ग्रेडिङ, प्याकेजिङ, प्रशोधन कार्यहरुमा टेवा पुऱ्याईनेछ ।

## ३.५ कृषि, वन तथा पर्यावरण

- सरकारी फार्म तथा केन्द्रलाई कृषि पर्यावरणीय ढाँचाको आधारमा विशेष बाली/वस्तु (Specific Commodity) अनुसन्धान र विकास स्रोत केन्द्र (Resource Centre) संग आवद्ध गर्ने । पहाडी क्षेत्रका भिरालो जग्गामा भिरालो कृषि जमिन प्रविधि (Sloping Agriculture Land Technology) प्रयोग गरी करार वा सहकारी व्यवस्थापनमा पर्याखेती (Eco-farming) तथा पर्या-पर्यटन (Eco-tourism) विकास गर्न प्रोत्साहित गर्ने ।
- वन क्षेत्रको समन्वयमा नाङ्गो जग्गा साना कृषकहरूलाई करारमा उपलब्ध गराई कृषि वन नर्सरी स्थापना गर्ने, वन जंगल हुर्काउने, भुई घाँस तथा जडीबुटी लगाउने र घाँस तथा डालेघाँस स्रोतबाट पशुपालन कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

### ३.६ संस्थागत व्यवस्था

- दीर्घकालीन कृषि योजनाले लक्षित गरेको प्राथमिकता प्रदत्त उत्पादन सामग्री (कृषि सडक, ग्रामीण विद्युतीकरण, रासायनिक मल, सिंचाइ ऋण र प्रविधि) को आपूर्ति र विकासमा संलग्न निकायबीचको सम्बन्ध र समन्वयलाई अझ बढी सुदृढ गरिँदै लगिने ।

- विश्व व्यापार संगठनको Agreement on the Application of Sanitary and Phytosanitary Measures (SPS) प्रावधानअनुरूप संस्थागत विकास गरी ऐन नियमहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

- खाद्य गुणस्तर नियन्त्रण प्रणालीलाई विश्व व्यापार संगठनको मापदण्डअनुरूप समायोजन गर्दै लगिनेछ ।

- राष्ट्रिय पोषण प्रयोगशालाको स्थापनाका साथै राष्ट्रिय पोषण समन्वय समितिलाई सुदृढ गर्न टेवा पुऱ्याइनेछ ।

- हिमाली भेगमा पाइने स्वदेशी जातका माछाको पालन तथा विभिन्न पक्ष समेटिने गरी विकासका लागि एक अन्तर्राष्ट्रिय स्तरको क्षेत्रीय केन्द्र (Regional Center) को स्थापना गर्न पहल गरिनेछ ।

- कृषि, पशु र खाद्य प्रविधि क्षेत्रका फार्म/स्टेसन तथा प्रयोगशालाहरूलाई भौगोलिक उप-क्षेत्रको आवश्यकताअनुरूपको एकीकृत स्रोत केन्द्रको रूपमा विकास गरिने छ ।

- विश्वसनीय खाद्य विश्लेषण सेवा प्रदान गर्न निजी क्षेत्रमा स्थापना हुने खाद्य प्रयोगशाला सेवासम्बन्धी कार्यनीति तर्जुमा एवं प्रमाणीकरण (Accreditation), खाद्य पदार्थ विश्लेषण, प्रयोगशालाको सुदृढीकरण तथा प्रेषण (Referral) प्रयोगशालाको निर्माण, निजीस्तरमा प्रयोगशाला प्रमाणीकरण र प्रयोगशाला तालिम तथा विश्लेषण विधि विकास गर्ने ।

- मन्त्रालय अन्तर्गत कृषि व्यवसाय प्रवर्द्धन केन्द्र (Centre of Agriculture Business Promotion) स्थापना गरिनेछ। यस केन्द्रलाई कृषि-अर्थ विश्लेषण, कृषि तथ्याङ्क व्यवस्थापन, कृषि उद्योगी व्यवसायीको माग विश्लेषण र नीतिगत सुधारको क्षेत्रमा जिम्मेवार गराइनेछ।

- मानव स्रोत साधनको विकास गर्न स्थलगत रुपमा काम गर्ने जेटिएहरूलाई तीन महिने अपग्रेडिङ्ग तालिम दिई बढी सक्षम बनाइनेछ। कृषि अनुसन्धान वा विषय विशेषज्ञ पदमा कृषि तथा पशु विषयमा स्नातकोत्तर वा विद्यावारिधि प्राप्त भएका व्यक्तिलाई ग्राह्यता दिने।

- विकेन्द्रीकरणको अवधारणाअनुसार कृषि विकासका कार्यक्रमहरू क्रमश: स्थानीय निकाय र निजीस्तरबाट सञ्चालन गर्न यी निकायहरूको क्षमता अभिवृद्धि गरिनेछ।

- क्षेत्रीय सहकारी तालिम केन्द्रको स्थापना र पूर्वाधार विकास गरिनेछ। केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रलाई प्रशिक्षक प्रशिक्षण तालिममा केन्द्रित गरिनेछ।

- एकै पकेट क्षेत्रबाट निर्यातमुखी व्यावसायिक परिमाणमा तरकारी बीउ उत्पादन गर्ने, बीउ उत्पादक कृषक तथा व्यवसायीलाई कम्तीमा २५ मेट्रिक टन क्षमताको बीउ भण्डार र प्रशोधन तथा बीउ परीक्षण प्रयोगशाला निर्माणमा प्राविधिक तथा अन्य आवश्यक सहयोग पुऱ्याइनेछ।

- देशको विभिन्न स्थानको माटोको उर्वराशक्ति जाँच गरी त्यसको नक्सा (Soil Mapping) बनाउने कार्यक्रमलाई विस्तार गर्दै लैजाने र निजी क्षेत्रहरूलाई यस कार्यमा संलग्न गराइनेछ।

**३.७ सहकारी, साझेदारी, करार तथा निजी क्षेत्रको संलग्नता**

- कृषि तथा पशु विकास कार्यक्रमलाई सहकारी, कृषक वा कृषक समूह/समिति एवं गैरसरकारी संस्थासंग करार वा साझेदारीमा सञ्चालन गरिनेछ।

- निर्यात प्रवर्द्धनको लागि सम्भावित क्षेत्रमा सामुदायिक संलग्नतामा किम्बुमा आधारित रेशम खेती विस्तार गर्दै आयमूलक रोजगारी विकासमा जोड दिइनेछ ।
- पशुरोग उपचार (Clinical Services) तथा कृत्रिम गर्भाधान सेवामा निजी क्षेत्रको संलग्नतालाई विस्तार गर्दै लगिनेछ ।
- कबुलियती वनबाट भुई तथा डालेघाँस आपूर्ति वृद्धि गरिनेछ र सामुदायिक चरन क्षेत्रको उत्पादकत्व बढाइनेछ ।
- आलुको बीउ आपूर्तिमा निजीस्तरको संलग्नता बढाईने छ र भण्डारण सुविधाको कमी भएका सिंचित क्षेत्रहरूमा आलु बियाँ प्रविधिका साथै टिस्युकल्चर प्रविधि उपयोग कार्यक्रमलाई प्राथमिकता साथ सञ्चालन गरिनेछ ।
- उन्नत बीउ-बिजन उत्पादनमा जिल्लामा आत्मनिर्भरता बढाउन जिल्लास्तरीय बीउ-बिजन आत्मनिर्भर कार्यक्रमलाई विस्तार गरिनेछ ।
- मासुको माग र आपूर्तिलाई सरल बनाउन राँगो तथा खसी-बोका खरिद सम्बर्द्धन र बिक्री वितरण गर्ने स्रोत केन्द्रहरू स्थापना गर्न ऋण, पशु स्वास्थ्य र आवश्यक अन्य प्राविधक सेवा सुनिश्चित गरिनेछ । दूधको बजार व्यवस्थालाई दृष्टिगत गरी चिलिङ्ग सेन्टरसहितको साना दूध संकलन तथा प्रशोधन केन्द्रहरूको स्थापना गरिनेछ ।
- कृषि विषयमा तालिम प्राप्त गरी बेरोजगार रहेका ग्रामीण कृषि/पशु सेवा कार्यकर्ता र मध्यम (जेटि, जेटिए) तथा उच्च शिक्षा हासिल गरेका कृषि प्राविधिकहरूको सेवा गरीबी निवारण कोषबाट संचालित हुने कृषिजन्य कार्यक्रमहरुमा उपयोग गरिनेछ ।
- औद्योगिक बालीहरूको विकासलाई कृषिजन्य उद्योगसंग आवद्ध गराउँदै लगिने छ ।

- श्री ५ को सरकारबाट प्रदान गरिने सेवा समेतलाई करार वा सहकारी साझेदारीमा काम गराउने वातावरण सिर्जना गरिनेछ ।

**४. कृषि दशक :**

- समग्र अर्थव्यवस्थामा कृषिको महत्वपूर्ण भूमिका भएको परिप्रेक्ष्यमा दशौं र एघारौं योजनालाई  कृषि दशक घोषणा गरी दीर्घकालीन कृषि योजनाका कार्यक्रमहरू अभियानको रूपमा प्रभावकारी ढंगवाट सञ्चालन गरिनेछ । साथै कृषि तथा गैरकृषि क्षेत्रका सम्बद्ध सबै निकायले कृषि विकास कार्यलाई सहयोग पुऱ्याउन प्रमुख प्राथमिकता दिनु पर्ने व्यवस्था गर्ने ।
- गरीबी निवारणको लागि खाद्य सुरक्षा प्रदान गर्न खाद्यान्न न्यून जिल्लाहरूमा उपयुक्त प्रविधि एवं गुणस्तरीय उत्पादन सामग्रीको प्रयोगबाट अधिकतम उत्पादन वृद्धि गर्ने कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने ।
- निर्यातमुखी कृषि पैदावार, स्थानीय कृषिजन्य उद्योगले कच्चा प्रदार्थको रूपमा प्रयोग गर्ने, कृषि पैदावार र आयात प्रतिस्थापन (Import Substitution) का लागि कृषि वस्तुहरूको उत्पादन वृद्धिमा योगदान गर्ने व्यावसायिक पकेट कार्यक्रमहरू प्रस्ट रूपमा प्रस्तुत गरी कार्यान्वयन गर्ने ।
- कार्यक्रमको उपलब्धिको अनुगमन एवं मूल्याङ्कन कार्यक्रमका लाभान्वित वर्गहरु (Beneficiaries) लाई समेत सहभागी गराउने परिपाटी गर्ने ।

**५. सरकारी लगानीवाट सञ्चालन हुने उच्च प्राथमिकताका प्रसार कार्यक्रम**

- कर्णालीमा एकीकृत कृषि विकास, चिलिङ्ग सेण्टर सहितको साना दुग्ध प्रशोधन, पाडापाडी, पाठापाठी र वाच्छा वाच्छी सम्वर्द्धन (Heifer and Goat Fattening) तथा विकास, सार्वजनिक पोखरी तथा घोल र नदी तालमा माछापालन, उच्च मूल्यका कृषि उत्पादन विकास तथा बजार प्रवर्द्धन, साझेदारी एवं करार कार्यक्रम प्रवर्द्धन र कृषिमा बायोटेक्नोलोजीको उपयोग प्रवर्द्धन जस्ता

कार्यक्रमहरुको कार्यान्वयनलाई विशेष प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

<u>अनुसूची २</u>

**कार्यक्रमगत प्राथमिकता र विकास खर्च**

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यक्रम | उपक्षेत्र | विकास खर्च रु. करोडमा | प्रतिशत | प्राथमिकता प्राप्त प्राप्तांक प्रतिशत (Score)* |
|---|---|---|---|---|---|
| | **पहिलो प्राथमिकताका आयोजना तथा कार्यक्रम** | | ९३५ | ४५ | |
| १ | कृषक कुलो सम्भार मर्मत | प्रसार | २५ | | १००.०० |
| २ | वर्षातको पानी संकलन (Rain water harvest) | प्रसार | १५ | | ९०.४७ |
| ३ | स्पिङ्कल, ड्रिप र ढिकीजन्य सिंचाइ | प्रसार | १० | | ९५.८३ |
| ४ | कृषि बजार सूचना प्रणाली सहजीकरण | प्रसार | २० | | ९०.४७ |
| ५ | स्याउ, सुन्तला जात, आँप बिरुवा उत्पादन वितरण | फार्म केन्द्र | २५ | | ९५.८३ |
| ६ | आलु (TPS/Tissue culture) उत्पादन प्रवर्द्धन | प्रसार | १५ | | ९१.६७ |
| ७ | राँगो, साँढे र बाखापालन प्रवर्द्धन | फार्म केन्द्र | १२ | | ८३.३३ |
| ८ | दीर्घकालीन कृषि योजना, अनुगमन तथा प्राविधिक समन्वय | योजना | १० | | ९१.६७ |
| ९ | रासायनिक मलखाद व्यवस्थापन | प्रसार | ५० | | |
| १० | चरन तथा पशु आहारा प्रवर्द्धन | फार्म केन्द्र | ४ | | ८३.३३ |
| ११ | प्रजनन बीउ उत्पादन तथा वितरण (घाँस) | फार्म केन्द्र | १० | | ८३.३३ |
| १२ | इपिडेमिक (पीपीआर रोगसमेत) नियन्त्रण | पशु स्वास्थ्य | ३० | | ९०.४० |
| १३ | खाद्य विश्लेषण तथा नियमन सेवा | गुणस्तर | ८ | | १००.०० |
| १४ | खाद्य प्रौद्योगीकरण/साना खाद्य प्रशोधन उपकरण मार्फत गरिबी नि. | खाद्य प्रशोधन | १० | | ९०.४० |
| १५ | निजी क्षेत्रमा खाद्यान्न बीउ | प्रसार | २५ | | ९५.८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | आत्मनिर्भरता प्रवर्द्धन | | | | |
| १६ | तरकारी मूल बीउ उत्पादन | फार्म केन्द्र | १० | | ९५.८३ |
| १७ | मत्स्य बीज उत्पादन वितरण | फार्म केन्द्र | ६ | | ८३.३३ |
| १८ | महको उत्पादकत्व/उत्पादन वृद्धि | प्रसार | ६ | | १००.०० |
| १९ | रेशम बीज उत्पादन तथा बगैंचा व्यवस्थापन | फार्म केन्द्र | १२ | | १००.०० |
| २० | मूल बीउ/प्रजनन बीउ उत्पादन (खाद्य, बागवानी, पशु मत्स्य) | अनुसन्धान | ३० | | ९३.३३ |
| २१ | सहकारी सहजीकरण मार्फत गरीबी निवारण | सहकारी | १२ | | ९१.६७ |
| २२ | कृषि तथ्यांक तथा आर्थिक विश्लेषण | योजना | १२ | | ९१.६७ |
| २३ | कृषि दशक योजना तर्जुमा विश्लेषण | योजना | ५ | | ९१.६७ |
| २४ | माटो, बीउ/नश्ल बाली पशु स्वास्थ संरक्षण तथा नियमन | प्रसार | ४० | | ८३.३३ |
| २५ | उच्च प्राथमिकताका प्रसार कार्यक्रम (कर्णाली कृषि विकास ४० करोड, साना दुग्ध प्रशोधन तथा heifer and goat fattening २५ करोड, घोल तथा नदी तालमा माछापालन ४ करोड, उच्च मूल्यका बाली/पशु उत्पादन विकास विकास र बजार प्रवर्द्धन ४०० करोड, साझेदारी तथा करारमा कार्यक्रम प्रवर्द्धन १४ करोड र बायोटेक्नोलोजी प्रवर्द्धन २३ करोड समेत) | प्रसार | ३०२ | | ९५.८३ |
| २६ | कृत्रिम गर्भाधान | फार्म केन्द्र | १५ | | ८५.७१ |
| २७ | कृषि प्रसार | प्रसार | १५० | | ९५.८३ |
| २८ | बाली विविधिकरण | प्रसार | ८० | | ९५.८३ |
| २९ | पशु सेवा प्रसार | प्रसार | १०० | | ९५.८३ |
| ३० | बाली, पशु मत्स्य अनुसन्धान | प्रसार | १४० | | |
| २७ | चिया, कफी, मसला (अलैंची, | प्रसार | २५ | | ८३.३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अदुवा) विस्तार | | | | |
| २८ | एकीकृत बाली व्यवस्थापन (दिगो भू-व्यवस्थापन समेत) | प्रसार | ३५ | | ९५.८३ |
| २९ | बीउ विरुवाको स्वस्थताको प्रमाणपत्र | नीति नियमन | ५ | | ९५.८३ |
| ३० | रेशम कोया उत्पादन तथा क्षेत्र विस्तार | प्रसार | १० | | ९५.८३ |
| | **दोस्रो प्राथमिकताका कार्यक्रम** | | ७०४ | ३३ | |
| ३१ | कृषि अनुसन्धान तथा विकास प्रणाली | अनुसन्धान | ५ | | ६६.६७ |
| ३२ | कृषि अनुसन्धान परिषद् | अनुसन्धान | ३० | | ७९.६७ |
| ३३ | बाली संरक्षण व्यवस्थापन | अनुसन्धान | ७ | | ६६.६७ |
| ३४ | कृषि सूचना तथा संचार | संचार | ८ | | ७६.६६ |
| ३५ | समूहहरुलाई सहरीकरण | सहकारी | ३ | | ६८.७५ |
| ३६ | कृषकस्तर तालिम (ग्रामीण तहको कृषि, पशु प्राविधिक समेत) | प्रसार | ४० | | ६८.७५ |
| ३७ | मत्स्य उत्पादकत्व वृद्धि एवं क्षेत्र विस्तार | प्रसार | १० | | ६८.७५ |
| ३८ | मौरी स्रोत विकास | प्रसार | १० | | ६६.६७ |
| ३९ | सहकारी सुदृढीकरण तथा साना कृषि प्रशोधन प्रवर्द्धन | सहकारी | १५ | | ६६.६७ |
| ४० | सहकारी शिक्षा/तालिम विस्तार | सहकारी | १५ | | ६६.६७ |
| ३९ | मध्यम तह जनशक्ति विकास | प्रसार | ३० | | ६६.६७ |
| ४० | उच्च तह जनशक्ति विकास (कृषि विश्वविद्यालय समेत) | प्रसार | १० | | ६६.६७ |
| ४१ | स्थानीय स्रोत केन्द्र विकास | प्रसार | ७५ | | ६८.७५ |
| ४२ | वाली क्षेत्र निर्धारण (Crop Zoning) तथा चक्लाबन्दी | प्रसार | १० | | ६८.७५ |
| ४३ | बजार अनुसन्धान तथा व्यवसाय प्रवर्धन | प्रसार | ५० | | ६६.६७ |
| ४४ | वागवानी जर्म प्लाज्म संकलन तथा संरक्षण | फार्म केन्द्र | ३ | | ६६.६७ |
| ४५ | बगैंचा व्यवस्थापन | फार्म केन्द्र | १० | | ६८.७५ |
| ४६ | प्राविधिक सेवा अनुगमन | फार्म केन्द्र | ५ | | ६६.६७ |
| ४७ | औषधी उत्पादन तथा गुणस्तर नियमन | पशु स्वास्थ्य | ५ | | ६६.६७ |
| ४८ | पशु सेवा समन्वय तथा नियमन | पशु स्वास्थ्य | १० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | गुणस्तरीय खाद्यवस्तु/पोषण प्रवर्द्धन नियमन | गुणस्तर | ५ | | ७५.०० |
| ५० | कृषि मार्फत डिप तथा स्यालो ट्युवेल | | २० | | ७६.०० |
| ५१ | जैविक विविधता संरक्षण | | ३ | | ७६.०० |
| ५२ | बगैंचा व्यवस्थापन समूह तथा क्षेत्र विस्तार | प्रसार | ७५ | | ७६.०० |
| | **तेस्रो प्राथमिकताका कार्यक्रम** | | ४५९ | २२ | |
| ५३ | अन्य बजारसम्बन्धी | प्रसार | | | ६०.०० |
| ५४ | अन्य पशु विकास कार्यक्रम | प्रसार | | | ६०.०० |
| ५५ | अन्य पशु फार्म केन्द्र | फार्म केन्द्र | | | ६०.०० |
| ५६ | अन्य पशु स्वास्थ | प्रसार | | | ६०.०० |
| ५७ | अन्य खाद्य वस्तु गुणस्तर | गुणस्तर | | | ६०.०० |
| ५८ | अन्य बाली विकास | प्रसार | | | ६०.०० |
| ५९ | अन्य तरकारी, आलु, मसला | फार्म केन्द्र | | | ६०.०० |
| ६० | अन्य मत्स्य | फार्म केन्द्र | | | ६०.०० |
| ६१ | अन्य बाली संरक्षण | प्रसार | | | ६०.०० |
| ६२ | अन्य व्यावसायिक कीट | फार्म केन्द्र | | | ६०.०० |
| ६३ | अन्य रेशमखेती | फार्म केन्द्र | | | ६०.०० |
| ६४ | अन्य अनुसन्धान | अनुसन्धान | | | ६०.०० |
| ६५ | अन्य सहकारी कार्यक्रम | सहकारी | | | ६०.०० |
| | **अन्य तालिम जनशक्ति विकास** | | | | |
| ६६ | माटो परिक्षण पहाडी कवुलियत सेवा | प्रसार | | | ६०.०० |
| ६७ | सहकारी विकास | योजना | | | ६०.०० |
| ६८ | जैविक विविधता | प्रसार | | | ६०.०० |
| ६९ | कृषि अनुसन्धान तथा विकास कोष | योजना | | | ६०.०० |
| | **कुल जम्मा** | | | | |

** प्राथमिकता निर्धारणका आधार तालिकाको मन्त्रालयस्तरमा भएको आन्तरिक अभ्यासमा आधारित*

**अनुसूची ३**

## कानुनी तथा संस्थागत सुधार एवं तिनीहरूको कार्यान्वयन व्यवस्था

- नर्सरी ऐनको तर्जुमा र कार्यान्वयन ।
- मत्स्य बीज ऐन, नियमावली तथा मत्स्य क्वारेन्टाइनको लागि ऐनमा आवश्यक सुधार ।
- विश्व व्यापार संगठन (WTO) उपयुक्त प्लाण्ट तथा पशु क्वारेन्टाइन ऐनमा संशोधन ।
- मौरी तथा रेशम फुल आयात/निर्यात गर्दा रोगका जीवाणु ओसार पसार नहुने गर्न क्वारेन्टाइन (Quarantine) ऐनमा संशोधन ।
- जीवनाशक विषादी ऐन र नियमावली कार्यान्वयन ।
- कृषि बजारको नियमन र प्रभावकारी सञ्चालनको लागि कानुनी आधार तयार ।
- घाँस र घाँसेबालीको मूल तथा प्रमाणित बीउ प्रमाणीकरण एवं पञ्जीकरण नीति क्रियाशील बनाइने ।
- खाद्य ऐन नियमावलीलाई परिमार्जन निर्देशिका तयार र खाद्य गुण नियन्त्रण कार्यमा स्थानीय निकायको जिम्मेवारी र भूमिका स्पष्ट पार्ने ।
- रासायनिक मलको आपूर्ति व्यवस्थापन, नियमन र गुणस्तर नियन्त्रण गर्न ऐनको तर्जुमा गर्ने ।
- दाना उद्योगमा GMP (Good Manufacturing Practice) प्रणाली लागू गर्ने ।

**अनुसूची ४**

## अपेक्षित उपलब्धी :

**१. कृषि उत्पादनमा अपेक्षा गरिएको थप योगदान**

- दशौं योजनामा खाद्यान्न बालीतर्फ १४ लाख ४६ हजार मे. टन, दलहन ३० हजार मे.टन, नगदेबालीतर्फ क्रमश: तेलहन १३ हजार मे. टन, उखु ३ लाख ५२ हजार मे. टन, आलु ४ लाख २० हजार मे. टन थप उत्पादन हुनेछ। त्यसैगरी पशु विकासतर्फ दूध २ लाख ४१ हजार मे. टन, मासु ६१ हजार मे. टन र अण्डा ३८ करोड गोटा थप उत्पादन हुनेछ।
- फलफूल थप १ लाख ६ हजार मे. टन र ताजा तरकारी थप ५ लाख २० हजार मे. टन उत्पादन हुनेछ।
- विभिन्न मत्स्य विकास केन्द्रहरू समेतबाट अन्तिम वर्षसम्ममा थप माछा उत्पादन १४ हजार मे. टन हुनेछ।
- योजनाको अन्तिम वर्षसम्ममा थप ३१ मे. टन रेशम कोया उत्पादन हुनेछ।
- मौरीतर्फ ४५ मे. टन थप मह उत्पादन हुनेछ।
- सहकारी विकास कार्यक्रमबाट १३७५ कृषक समूहका करिब १० सदस्यका दरले जम्मा १३७५० सदस्य प्रत्यक्ष उत्पादन तथा प्रशोधन कार्यमा संलग्न भई आर्थिक रूपमा लाभान्वित हुनेछन्।
- सहकारी शिक्षा तथा तालिम कार्यक्रमबाट ६० हजार सदस्यलाई सहकारी व्यवस्थापन, लेखापालन र व्यवसाय प्रवर्द्धनसम्बन्धी विषयमा तालिम प्रदान गरिनेछ।

**२. गरीबी निवारण, रोजगारी तथा मानवीय विकास**

- तरकारी खेती विस्तारबाट करिब ८०,००० र फलफूल खेती कार्यक्रमवाट करिब ८०,००० गरी जम्मा १,६०,०००

कृषकहरुको संलग्नता वृद्धि भई उनीहरूको रोजगारी वढाउन तथा गरीबी निवारणमा मद्दत पुग्नेछ ।

- मत्स्य विकास कार्यक्रमबाट १३ हजार कृषकको आय आर्जनमा वृद्धि हुनेछ ।
- रेशम खेतीमार्फत ग्रामीण क्षेत्रका करिब १०,००० थप कृषक परिवार र मौरीपालनमा ६,१५० थप कृषक परिवार लाभान्वित हुनेछन् ।
- आलुखेती विस्तारबाट करिब ९७,००० थप कृषकहरूले रोजगारी पाउनेछन् ।
- पशुपालन व्यवसायमा (बाख्रा, कुखुरा, बंगुरसमेत) थप ३२,५०० जना कृषकहरूको संलग्नता वृद्धि भई गरीबी निवारणमा सहयोग पुग्नेछ ।
- विभिन्न बालीहरूमा कृषक तथा कृषि प्राविधिकहरूको दक्षतामा अभिवृद्धि गरिनुका साथै ग्रामीण युवाहरूलाई कृषि तथा पशु विकासतर्फ लामो अवधिको स्वरोजगार तालिम उपलब्ध हुनेछ ।

**३. क्षेत्रीय विकास एवं सन्तुलन**

**बालीः** तराईमा खाद्यान्न, दलहन, नगदे तथा औद्योगिक बाली व्यावसायिकरण हुने तथा मध्य र उच्चपहाडमा - खाद्य सुरक्षामा वृद्धि हुने ।

**फलफूलः** उच्च तथा मध्यपहाडमा फलफूल खेतीबाट आय तथा रोजगारीमा वृद्धि हुने ।

**मत्स्यः** तराई जिल्लामा विभिन्न जलाशयमा मत्स्य पालन तथा मध्य र उच्चपहाडमा चिसोपानीमा पाइने स्थानीय माछाको व्यवस्थापन एवं संरक्षण हुने ।

**आलुः** खाद्यान्न न्यून भएका पहाडी जिल्लामा आलु बियाँ प्रविधि तथा टिस्युकल्चर प्रविधिको व्यावसायिक उपयोग गरी आलु उत्पादन वृद्धिबाट खाद्य सुरक्षामा मद्दत पुऱ्याउने ।

**रेशमः** रेशमजन्य उत्पादनका उपभोक्ता धनीवर्ग हुने भएकोले पूँजीको प्रवाह धनीवर्गबाट गरीब वर्गमा हुने ।

**पशुपंक्षी पालनः** राँगो/गाई/भैंसी/बाख्रा/कुखुरा पालनबाट शहरी क्षेत्रको आय ग्रामीण क्षेत्रमा प्रवाहित हुने

**४. स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुरुप कार्यक्रमहरूको विकेन्द्रीकरण**

- जिल्लास्थित कृषि प्रसार कार्यक्रमहरूलाई योजना अवधिको सुरु आ.व. २०५९।६० देखि क्रमिक रूपमा निक्षेपण गर्दै लगिनेछ ।

**५. कार्यक्रम एवं नीतिहरूबाट लैंगिक समानतामा (Gender Equity) योगदान**

- महिलाको संलग्नता समग्र कृषि कार्यक्रममा औसत ४० प्रतिशत र बीउ वृद्धि, तरकारी, फलफूल तथा रेशम कोया उत्पादनजस्ता कार्यक्रमहरूमा भने ६० प्रतिशतभन्दा बढी हुनेछ ।
- महिला सहकारी संस्थाहरू र सहकारी संस्था भित्रका महिला समूह तथा महिला कृषक समूहको सहकारी क्रियाकलाप सञ्चालन गर्ने दक्षता र सीप अभिवृद्धिबाट उनीहरुको सहभागितामा वृद्धि हुनेछ ।

**६. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको भूमिका :**

- सरकारी क्षेत्रबाट प्रदान गरिने सेवा क्रमश: निजी तथा गैरसरकारी क्षेत्रहरूको संलग्नतामा वृद्धि गर्दै लैजान करार तथा साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि प्रसार तथा अनुसन्धान कार्य प्रतिस्पर्धात्मक अनुदान प्रणाली (Competitive Bidding) को आधारमा निजी क्षेत्रलाई समेत परिचालन गर्ने गरी संचालन हुनेछ ।

**सन्दर्भ-सूची :**

१. दशौं योजना : रा.यो.आ. २०५९, २०५९ - २०६४

२. राष्ट्रिय कृषि नीति : Unpublished

३. चौमासिक प्रतिवेदनवाट : Unpublished

४. मध्यमकालीन खर्च संरचना प्रतिवेदन र विभिन्न सेमिनार वर्कसप छलफलका प्रतिवेदनवाट

५. दशौं योजनाको आधारपत्र : रा.यो.आ. २०५८